प्रश्न नं. १३

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१३६४ देखि १५८५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

कमला वस्नेतको जाहेरीले नेपाल सरकार

बिरुद्ध

गुल्मी जिल्ला, छत्रकोट गाउँपालिका वडा नं. ९ वस्ने राजु वस्नेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. २०७५।८।०३ गते साँझ खाना खाई म समेतका परिवार सुतेका थियौं । राती दाजु राजु र भाउजु सिता वीच घरायसी कुरावाट मनमुटाव भएछ र दाजु राजुले भाउजु सितालाई कुटपिट गरी भाउजु भाग्दा तरकारी वारीमा धारिलो हतियारले हानी काटी कर्तव्य गरी मारेकोले सजाय कारवाही गरिपाऊँ भन्ने जाहेरी ।

२. लाशको घाँटीमा क्षत बिक्षत अवस्थामा काटिएको भन्ने लाश प्रकृति मुचुल्का । घाँटी तथा नाक मुखमा लागेको घाउको कारणवाट रक्तश्राव भै मृत्यु भएको भन्ने पोष्ट मार्टम रिपोर्ट ।

३. श्रीमती सिताले तपाईले घरमा काम पनि नगर्ने कतै नोकरी गर्न पनि नगर्ने भनी भनी रहेको र ०७५।८।०३ को राती कोठामा सुत्न गएपछि सधै झै गाली गर्ने कुपिट गर्ने र अव वस्दिन भनी कोठावाट भाग्न लाग्दा मलाई रिस उठी घरको कोठीमा राखेको वन्चरो समाई जाँदा तरकारी वारीमा उतानो परी लडेको अवस्थामा मैले वन्चरोले हानी काटी मारेको हुँ भन्ने प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

४. राजु वस्नेतले आफ्नी श्रीमतीलाई वन्चरोले हानी काटी मारेको भन्ने देवीप्रसाद पाण्डे, बिष्णुप्रसाद न्यौपानेको छुट्टा छुट्टै कागज ।

५. राजु र निजकी श्रीमती आपसमा झगडा गर्दथे । राजुले श्रीमतीलाई वन्चरोले काटी मारेको भन्ने वस्तुस्थिति मुचुल्का ।

६. प्रतिवादी राजु वस्नेतले श्रीमती सितालाई वन्चरोले प्रहार गरी कर्तव्य गरी मारी मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूर गरेकोले निजलाई सोही संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय गरिपाऊँ भन्ने अभियोगपत्र ।

७. प्रतिवादीले अदालतमा गरेको ईन्कारी बयान ।

८. आदेशानुसार देवीप्रसाद पाण्डे, देवीप्रसाद पौडेल, गुनवहादुर वाके, जीवलाल शर्मा गुनाखर पौडेल, खडगवहादुर काउछा र जाहेरवाली कमला वस्नेत समेतको बकपत्र भै मिसिल सामेल रहेको ।

९. प्रतिवादी राजु वस्नेतको मानसिक स्वास्थ्य ठीक रहेको भन्ने जिल्ला स्वास्थ्य कार्यालय गुल्मीको पत्र मिसिल संलग्न रहेको ।

१०. गुल्मी जिल्ला अदालतको फैसला ।

११. उच्च अदालतमा परेको पुनरावेदनपत्र ।